राष्ट्रिय दैनिक

सूचना विभाग

Friday 12 Aug, 2016, Email : kankrebiharnews@gmail.com (News), kankrebihardaily@gmail.com (add) पृष्ठ 8 मूल्य रु. 8/-

# उच्च मूल्य कृषि वस्तुमा ४४ करोड लगानी

## सुर्खेतमा १ सय ६४ उप-आयोजनामा १६ करोड

> उच्च मूल्य कृषि बस्तु विकास आयोजना बजारमुखी आयोजना भएकाले मुख्यगरी मूल्य श्रृंखलाको विकास अवधारणामा काम गर्दै आएको छ।

❖ काँक्रेविहार संवाददाता
सुर्खेत, २७ साउन।

सुर्खेत-दैलेख, सुर्खेत-जुम्ला र सुर्खेत-जाजरकोट सडक खण्डमा पर्ने मध्यपश्चिमका ६ र सुदुरपश्चिमको १ जिल्लामा उच्च मूल्य कृषि वस्तुमा साढे पाँच वर्षको अवधिमा ४४ करोड २० लाख रूपैयाँ लगानी भएको छ। उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले बेमौसमी तरकारी, खसीबोका स्याउ, अदुवा, टिम्मुर, बेसार र तरकारीको बीऊ गरी सात वटामा सो लगानी गरेको हो।

ती वस्तुको माग स्वदेश तथा विदेशमा समेत उच्च भएकोले तिनको उत्पादन बढाइ कृषकहरूको आयस्तर बढाउन मध्यपश्चिमको सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कालिकोट, जुम्ला र सुदूरपश्चिमको अछाम जिल्लामा आयोजनाले २०६७ देखि कार्य क्षेत्र बनाउँदै आएको छ।

साढे ६ बर्षे कार्यअवधि र कुल १ अरब ३३ करोड बजेट रहेको आयोजनाले साढे पाँच वर्षको अवधिमा ४ सय ९७ उप-आयोजनामा ४४ करोडभन्दा बढी रुपैयाँ लगानी गरेर कृषकहरुको अतिरिक्त आम्दानी २८ हजार २ सय १९ रुपैयाँ पुर्‍याएको उच्च मूल्य कृषि वस्तु विकास आयोजनाका बरिष्ठ कृषि अधिकृत हरिप्रसाद गुरुङले बताए। आयोजनाको अन्तसम्म प्रतिबर्ष प्रतिघरधुरी ३० हजार अतिरिक्त आम्दानी पुर्‍याउने लक्ष्य छ। बरिष्ठ कृषि अधिकृत गुरुङले ७ जिल्लाका १३ हजार ५०० घुरधुरीमा पुग्ने आयोजनाको लक्ष्य भएपनि यो अवधिमा नै १४ हजार ५ सय घरधुरीमा पुगिसकिएको जानकारी दिए।

आयोजनाले हालसम्म सबैभन्दा धेरै सुर्खेतमा १ सय ६४ वटा उप-आयोजनामा १६ करोड रुपैयाँ लगानी गरेको छ। यसपछि कालिकोटमा ७१ उप-आयोजना, जुम्लामा ६८ उप-आयोजना, जाजरकोटमा ६३ उप-आयोजना, दैलेखमा ५७ उपआयोजना र अछाममा २७ उप-आयोजनामा रकम लगानी भऐको बताइएको छ। आयोजनाले सबैभन्दा धेरै लगानी बेमौसमी तरकारीमा गरेको छ। बेमौसमी तरकारीमा १ सय ४३ उप-आयोजना मार्फत लगानी गरेको हो। खसीबोकाका १ सय २८ र स्याउका ८७ उप-आयोजना लगानी गरिएको छ। त्यसपछि क्रमशः अदुवा, बेसार, टिम्मुर र तरकारीको बीऊका उप-आयोजनामा बढि लगानी भएको आयोजनाले जनाएको छ। यो अवधिमा आयोजनाले १४ सय २२ वटा विभिन्न भौतिक पूर्वाधारहरु समेत निर्माण गरेको छ।

आयोजनाले सिमेन्टको पानीपोखरी, कुलो, कुवा, प्लाष्टिक पानी पोखरी, तरकारी संकलन केन्द्र, बीऊ भण्डार, लिफ्ट सिंचाई, बाख्राको खोर लगायतका भौतिक संरचना निर्माण गरेको छ। लगानी भएको ४४ करोड २० लाखमा ६० प्रतिशत अर्थात् २६ करोड ५२ लाख रुपैयाँ विभिन्न समूह तथा सहकारीहरुलाई भुक्तानी समेत दिइसकेको छ। आयोजनाले अहिलेसम्म ३ सय १९ समुह/सहकारीमा काम गरी ८० प्रतिशतभन्दा बढि प्रगति हासिल गरिसकेको बताइएको छ। आयोजना लागू भएपछि यहाँ उत्पादित अदुवा नेदरल्याण्ड निकासी गरिएको, टिमुर फ्रान्स निकासी गरिएको, गरीब र पिछडिएको समुदायहरुको सहभागिता ९५ प्रतिशत पुगेको आयोजनाले जनाएको छ।

आयोजना लागू भएयता व्यवसायीक सम्वन्ध, वजार पहुँच र सहकार्यमा सुधार आएको, उत्पादन परिमाण र मूल्यमा दिगो वृद्धि हुनका साथै सेवा बजारको विकाससमेत भएको बरिष्ठ कृषि अधिकृत गुरुङले दाबी गरे। उनले ग्रामीण क्षेत्रका गरीब महिला र सीमान्तकृत समुदायका जनतालाई उच्च मूल्य कृषि बस्तु, गैरकाष्ठ वन पैदावार र जडिबुटीका मूल्य शृंखलामा आवद्ध गराउँदै बजारीकरण क्षमतामा सुधार ल्याउनु र रोजगारीको अवसर सिर्जना गर्नु नै आयोजनाको मुख्य उद्देश्य भएको बताए। उच्च मूल्य कृषि बस्तु विकास आयोजना बजारमुखी आयोजना भएकाले मुख्यगरी मूल्य श्रृंखलाको विकास अवधारणामा काम गर्दै आएको छ। आयोजनाको कार्यान्वयन निकाय कृषि विकास मन्त्रालय हो भने, कार्यान्वयन साझेदार संस्था 'एसएनभी' नेपाल र कृषि उद्यम केन्द्र हुन्।

यसैबीच, आयोजनाले बिहीबार बीरेन्द्रनगरमा कृषि व्यवसायीहरुको वार्षिक समिक्षा कार्यक्रम गरेको छ। कार्यक्रममा आयोजना प्रमुख राजेन्द्रप्रसाद भारी, विभिन्न कृषि व्यवसायमा आवद्ध व्यवसायी र आयोजना लागू भएका जिल्लाका सरोकारवाला निकायका प्रतिनिधिहरुको सहभागिता थियो।